NRN Infrastructure & Development Ltd.
एन.आर.एन. इन्फ्रास्टक्चर एन्ड डेभलपमेन्ट लिमिटेड
NRN Infrastructure and Development Limited
Kamaladi complex, 1st Floor, Kamalidi, Kathmandu, Nepal, Tel: 977-1-4592939/4594034
E-mail: nrn@nrnil.com, Web site: www.nrnil.com

QUARTERLY FINANCIAL STATEMENTS (UNAUDITED)

As at quarter ended on Ashwin 31, 2083 (17 October, 2026)

Amount in NRS '000

Statement of Financial Position

Particulars	Current Year: This Quarter Ending	Previous Year (Audited): Immediate Previous Year Ending
Assets		
Non Current Assets		
Property, Plant And Equipment	10,758.30	11,308.46
Financial Assets At Fair Value Through PL	323,891.81	339,353.40
Financial Assets At Fair Value Through OCI	2,012,732.76	1,697,126.99
Total Non current Assets	**2,347,382.87**	**2,047,788.85**
Current Assets		
Financial Assets At Amortised Cost	950,000.00	950,000.00
Other Financial Assets	7,690.44	5,423.77
Net Income Tax Assets	5,659.41	4,631.67
Cash And Cash Equivalents	262,561.67	363,006.03
Total Current Assets	**1,225,911.52**	**1,323,061.48**
TOTAL ASSETS	**3,573,294.40**	**3,370,850.33**
Equity & Liabilities		
Equity		
Paid Up Share Capital	1,798,121.20	1,798,121.20
Retained Earnings	710,346.63	714,899.74
Investment Revaluation Reserve	721,595.19	559,890.86
Total Equity	**3,230,063.02**	**3,072,911.80**
Liabilities		
Non current liabilities		
Deferred Tax Liability	333,208.98	283,225.19
Lease Liability	2,432.49	2,732.05
Total Non Current Liabilities	**335,641.46**	**285,957.24**
Current Liabilities		
Lease Liability	1,159.00	1,133.31
Net Income Tax Liability	-	-
Financial Liabilities	6,430.92	10,847.98
Total current Liablities	**7,589.92**	**11,981.29**
TOTAL EQUITY AND LIABILITIES	**3,573,294.40**	**3,370,850.33**

Statement of Profit or Loss

Particulars	Current Year: This Quarter Ending	Current Year: Upto This Quarter (YTD)	Previous Year Corresponding: This Quarter Ending	Previous Year Corresponding: Upto This Quarter (YTD)
Revenue				
Investment Income				
Dividend Income	7,316.11	7,316.11	-	-
Gain on sale of Investment	-	-	-	-
Change in fair Value of Investment	(15,461.59)	(15,461.59)	2,798.22	2,798.22
Finance Income	6,851.60	6,851.60	9,735.62	9,735.62
Other Income	15.26	15.26	-	-
Total Revenue	**(1,278.62)**	**(1,278.62)**	**12,533.84**	**12,533.84**
Expenses				
Employee Benefit Expenses	(3,736.52)	(3,736.52)	(2,787.97)	(2,787.97)
Administrative Expenses	(2,372.52)	(2,372.52)	(2,037.02)	(2,037.02)
Depreciation and Amortisation	(902.66)	(902.66)	(849.25)	(849.25)
Finance Cost	(82.53)	(82.53)	(103.66)	(103.66)
Total Expenses	**(7,094.23)**	**(7,094.23)**	**(5,777.89)**	**(5,777.89)**
Profit Before Tax	**(8,372.85)**	**(8,372.85)**	**6,755.95**	**6,755.95**
Income Tax Expense				
Current Tax	-	-	1,030.74	1,030.74
Deferred Tax	(3,917.66)	(3,917.66)	658.25	658.25
Net Profit For The Period	**(4,455.19)**	**(4,455.19)**	**5,066.96**	**5,066.96**

Statement of Other Comprehensive Income

Particulars	Current Year: This Quarter Ending	Current Year: Upto This Quarter (YTD)	Previous Year: This Quarter Ending	Previous Year: Upto This Quarter (YTD)
Net Profit for the Period	**(4,455.19)**	**(4,455.19)**	**5,066.96**	**5,066.96**
Other Comprehensive Income				
Gain/ (Loss) On Fair Value Change of Financial Assets	215,605.77	215,605.77	(229,361.14)	(229,361.14)
Tax Relating To Components of Other Comprehensive Income	(53,901.44)	(53,901.44)	57,340.28	57,340.28
Total Other Comprehensive Income (OCI)	**161,704.33**	**161,704.33**	**(172,020.85)**	**(172,020.85)**
Total Comprehensive Income for the Period(TCI)	**157,249.13**	**157,249.13**	**(166,953.89)**	**(166,953.89)**

Ratios

Particulars	Current Year: Upto This Quarter (YTD)	Previous Year Corresponding: Upto This Quarter (YTD)
Earning Per Share	(0.25)	0.39
Earning Per Share (Annual)	(0.99)	1.58
Net Worth Per Share	179.64	241.90
Net Asset Value per Share	198.72	289.33
Price Earning Ratio of Share (Annual)	(1,382.33)	1,160.30
Current Ratio (Multiple)	161.52	5.86

Note :1. The figures are subject to change after finalization of statutory audit.
2. The financial statements have been prepared in accordance with the Nepal Financial Reporting Standards.
3. Previous period/Year's figures are regrouped and rearranged wherever necessary.
4. These interim financial statements for the three months period ended on 31st Ashwin 2083 have been prepared in accordance with NAS 34 Interim Financial Reporting, and the accounting policies applied in these interim financial statements are consistent with those applied in the last annual financial statements as at end for the year ended 32nd Ashadh 2083.

धितोपत्र दर्ता तथा निष्काशन नियमावली २०७३, अनुसूची–१४

(नियम २६ को उपनियम १ सँग सम्बन्धित)
आ.व. २०८३/८४ को प्रथम त्रैमासिक अवधिको विवरण

१. वित्तीय विवरण:

(क) यस कम्पनीको प्रथम त्रैमासिक अवधिको वासलात, नाफा-नोक्सान सम्बन्धी विवरण यसै साथ प्रकाशित गरिएको छ।

(ख) प्रमुख वित्तीय अनुपातहरू:

प्रति शेयर आम्दानी (वार्षिकिकरण)	मूल्य आम्दानी अनुपात (वार्षिकिकरण)	प्रति शेयर नेटवर्थ	प्रति शेयर सम्पत्तिको मूल्य	तरलता अनुपात
रु.(०.९९)	रु.(१३८२.३३)	रु.१७९.६४	रु.१९८.७२	१६१.५२ गुणा

२. व्यवस्थापकीय विश्लेषण:

(क) त्रैमासिक अवधिमा कम्पनीको कारोबार यथावत रुपमा रहेको र कम्पनीको मौज्दात, लगानी, व्यवस्थापन, आम्दानी र तरलता सन्तोषजनक रहेको छ। खर्चमा मितव्ययीता अपनाउनु र लगानी गरिसकेको कम्पनीको कार्य प्रगति विवरण लिएर प्रगति सुनिश्चित गर्न सक्नु कम्पनीका सवल पक्ष रहेका छन।

(ख) यस कम्पनीले आफ्नो लक्ष्य अनुरुप लगानी छनौट गर्दै आइरहेको छ। उपयुक्त लगानी छनौट गरेर, प्रतिफल सुनिश्चित गर्दै विविध क्षेत्रहरुमा लगानी गर्दै जाने क्रममा कम्पनी अघि बढिरहेको छ र आगामी अवधिमा लगानी थप व्यवस्थित गर्दै लगीनेछ।

(ग) वर्तमान अवस्थामा, बजार ब्याजदरको उतार-चढाव एवं अन्य विविध कारणहरुले कम्पनीलाई असर पर्न सक्छ। तथापि कम्पनीले अवलम्बन गरेको कुशल कार्यनीतिका साथ जोखिम व्यवस्थापन गर्दै आएको छ।

(घ) कम्पनीले लगानी गरेका विभिन्न परियोजना कम्पनीहरू मार्फत प्रवर्द्धित ८ वटा जलविद्युत आयोजना मध्ये हालसम्म ५ वटा आयोजनाहरू सञ्चालनमा आइसकेका छन्। बाँकी आयोजनाहरूको प्रगति अवस्था देहाय बमोजिम रहेको छः

अप्पर म्याग्दी जलविद्युत आयोजना (५३.५ मे.वा.): यस आयोजनाको भौतिक निर्माण कार्य ५८.०५प्रतिशत सम्पन्न भएको छ। आयोजनाले ५ मार्च २०२७ सम्म व्यावसायिक विद्युत उत्पादन सुरु गर्ने लक्ष्य राखेको छ। आयु मोलुङ हाइड्रोपावर लिमिटेडबाट प्रवर्द्धित आयु मोलुङ खोला जलविद्युत आयोजना (२१ मे.वा.): आयोजनाको भौतिक प्रगति ४८.३० प्रतिशत रहेको छ। सुरुमा २०८२/०५/२६ सम्म व्यावसायिक उत्पादन सुरु गर्ने लक्ष्य राखिएको भएतापनि विभिन्न कारणले निर्धारित समयमा निर्माण कार्य सम्पन्न हुन नसकेकोले आयोजनाले म्याद थपका लागि नेपाल विद्युत प्राधिकरण समक्ष मिति २०८५/०३/२२ सम्मको समय थप गर्न अनुरोध गर्दै पत्र पठाएको छ। साँग्रिला ऊर्जा लिमिटेडद्वारा प्रवर्द्धित छुजुङ्ग खोला जलविद्युत आयोजनाको (६३ मे.वा.) भौतिक प्रगति १७.२७ प्रतिशत रहेको छ।आयोजनाले २०८४ मँसिर १ गतेसम्म व्यावसायिक विद्युत उत्पादन सुरु गर्ने लक्ष्य राखेको छ। मिति २०८३ भदौ १० गते रसुवा जिल्लामा गएको बाढीका कारण माथिल्लो मैलुङ खोला जलविद्युत आयोजनाको प्रसारण लाइनमा क्षति पुगेकोले हाल विद्युत उत्पादन बन्द रहेको छ।
साथै, मिति २०८३/०६/२७ गते बसेको सञ्चालक समितिको बैठकबाट साँग्रिला ऊर्जा लिमिटेडद्वारा प्रवर्द्धित छुजुङ्ग खोला जलविद्युत आयोजनाको (६३ मे.वा.) मा जम्मा रु २० करोड लगानी गर्ने सहमति भएकोमा हाल सम्म रु ५ करोड रुपैयाँ लगानी भएको छ। दुधकोशी हाइड्रोपावर नेपाल लिमिटेडद्वारा प्रवर्द्धित सोलुखुम्बु जिल्लामा अवस्थित ७० मेगावाट क्षमताको दुधकोशी -२ जलविद्युत आयोजनामा १ करोड कित्ता कुल रु. एक अर्ब रुपैयाँ तथा मोरङ जिल्लामा अवस्थित अन्नपूर्ण राठी केबल्स इण्डष्ट्रिज लिमिटेडमा दुई लाख पचासी हजार कित्ता शेयर कुल रु. नौ करोड सन्तानब्बे लाख पचास हजार रुपैयाँ लगानी गर्ने सैद्धान्तिक निर्णय भएको छ।

३. कानूनी कारबाही सम्बन्धी विवरण:

(क) त्रैमासिक अवधिमा कम्पनीको वा कम्पनीको विरुद्ध कुनै मुद्दा दायर भएको छैन र त्यस्तो कुनै सूचना प्राप्त भएको छैन।

(ख) कम्पनीको संस्थापक वा सञ्चालकले वा संस्थापक वा सञ्चालकको विरुद्धमा प्रचलित नियमको अवज्ञा वा फौजदारी अपराध गरेको सम्बन्धमा कुनै मुद्दा दायर गरेको वा भएको जानकारी प्राप्त भएको छैन।

(ग) कुनै संस्थापक वा सञ्चालक विरुद्ध आर्थिक अपराध गरेको सम्बन्धमा कुनै मुद्दा दायर भएको जानकारी प्राप्त भएको छैन।

४. संगठित संस्थाको शेयर कारोबार सम्बन्धी विश्लेषण:

(क) धितोपत्र विनिमय बजारको खुल्ला बजार कारोबारले यस कम्पनीको शेयरको बजार मूल्य निर्धारण हुने हुँदा व्यवस्थापनको यस सम्बन्धमा कुनै टिप्पणी छैन।

(ख) यस त्रैमासको शेयर कारोबार सम्बन्धी विवरण :

शेयरको अधिकतम मूल्य (रु.)	शेयरको न्यूनतम मूल्य (रु.)	शेयरको अन्तिम मूल्य (रु.)	कारोबार भएको कुल दिन	कारोबार संख्या
१,५३०/-	१,२८०/-	१,३७०/-	६१	४३,५३,६२रकित्ता शेयर

५. समस्या तथा चुनौति: तरलता, बजार व्याजदरको उतार चढाव जस्ता विषयहरुले नेपालको समग्र अर्थतन्त्र चुनौतिको रुपमा रहेको छ। कम्पनीले तय गरेको रणनैतिक कार्यदिशा अनुरुपका लक्ष्यहरु हासिल गर्नका लागि विषेशतः बाह्यपक्षहरुको प्रभावका कारण अपेक्षित उपलब्धि हासिल गर्न चुनौति पुर्ण रहने हुन्छ। अन्तर्राष्ट्रिय मुलुकमा भइरहेको द्वन्द्वले गर्दा समग्र राष्ट्रको अर्थतन्त्रमा परेको असरले लगानी बजारलाई पनि प्रत्यक्ष तथा अप्रत्यक्ष रुपमा प्रभाव पारेको छ। मिति २०८२ साल भदौ २३ र २४ गते भएको जेनजी आन्दोलनका क्रममा यस कम्पनीले लगानी गरेको होटलमा क्षतिपुगेको थियो। उक्त क्षति बापत होटलले बीमा दाबी अन्तर्गत हालसम्म रु. २०,५५,१३,०००/- (अक्षरेपीः बीस करोड पचपन्न लाख तेह्र हजार रुपैयाँ) भुक्तानी प्राप्त गरिसकेको छ। होटल व्यवस्थापनका अनुसार हाल पुनः निर्माण कार्य अन्तिम चरणमा पुगेको छ र करिब १० प्रतिशत मात्र काम बाँकी रहेको छ। बाँकी निर्माण कार्य छिट्टै सम्पन्न गरी होटल पुनः सञ्चालनमा ल्याउने अपेक्षा गरिएको छ। यसका साथै सुरक्षित एवं नयाँ लगानीको क्षेत्रको पहिचान गरी त्यसलाई अवसरको रुपमा रुपान्तरण गर्नु र दिर्घकालिन लगानीबाट प्रतिफल सुनिश्चित गर्नु आजको चुनौती रहेको छ।

६. संस्थागत सुशासन: कम्पनी सदैव संस्थागत सुशासन कायम राख्न प्रतिवद्ध रहेको छ। सोहि अनुरुप, वर्तमान अवस्थामा सञ्चालक समिति लगायत अन्य गठित समितिहरु सँग समन्वय गर्दै आन्तरिक नियन्त्रण प्रणाली मजबुत बनाउनकम्पनी प्रतिवद्ध छ। साथै कम्पनीले प्रचलित कानून, नीति नियम, निर्देशनहरु एवं र आन्तरिक र बाह्य लेखापरिक्षणको सुझावहरुलाई अवलम्वन गरेर कार्य अगाडि बढाइरहेको छ।

७. सत्य, तथ्यता सम्बन्धमा कार्यकारी प्रमुखको उद्घोषणा: आजका मितिसम्म यस प्रतिवेदनमा उल्लेखित जानकारी तथा विवरणहरुको शुद्धता सम्बन्धमा म कार्यकारी प्रमुख व्यक्तिगत रुपमा उत्तरदायित्व लिन्छु। साथै म यो उद्घोष गर्दछु की मैले जानेबुझेसम्म यस प्रतिवेदनमा उल्लेखित विवरणहरु सत्य, तथ्य र पूर्ण छन् र लगानीकर्ताहरुलाई सुसुचित निर्णय लिन आवश्यक कुनै विवरण, सूचना तथा जानकारीहरु लुकाइएको छैन।